पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १०२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख १२ गते शुक्रबार ❑ 25 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## लोकतन्त्रको विकल्प अर्को व्यवस्था हुन नसक्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख

कतिपय पात्र र प्रवृत्तिमा खोट रहेपनि लोकतन्त्रको विकल्प अर्को व्यवस्था हुन नसक्नेमा यहाँ आयोजित एक कार्यक्रमका वक्ताले जोड दिएका छन् ।

१९औं लोकतन्त्र दिवसका अवसरमा बिहीबार पोखरामा आयोजित 'लोकतन्त्रको सवाल, चुनौती र सवलीकरण' विषयक अन्तरसम्वादमा उनीहरूले लोकतन्त्र प्राप्त गरेर मात्र नहुने त्यो जीवन पद्धति, व्यवहार र आचरणमा झल्कनुपर्ने बताए ।

गैरसरकारी संस्था महासङ्घ, गण्डकीका पूर्वअध्यक्ष रामप्रसाद सुवेदीले लोकतन्त्रको सुदृढीकरणका लागि राजनीतिक दल र नागरिक समाज एकजुट हुनुपर्ने धारणा राख्नुभयो । "प्रभावकारी सेवा प्रवाह, संस्थागत संरचना विकास, पारदर्शी र जवाफदेही शासन सञ्चालनले लोकतन्त्रलाई सुदृढ पार्छ", उहाँले भन्नुभयो, "राजनीतिक दल




सच्चिन तयार रहनुपर्छ, लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो, अराजकतालाई लोकतन्त्रले माफ गर्दैन ।" जनआन्दोलन सहिद परिवार तथा घाइते समन्वय समिति, कास्कीका अध्यक्ष शेखर गौतमले लोकतन्त्र वंशका आधारमा नभइ कर्म र प्रतिस्पर्धाबाट शासन गर्ने व्यवस्था भएको बताउनुभयो ।

लोकतन्त्रको विकल्प अझ सबल र सुदृढ लोकतन्त्र रहेको उहाँको भनाइ छ । "अहिलेको व्यवस्थामा पनि स्वाभाविक रूपमा गुनासा र असन्तुष्टी छन्, तिनका समाधानका लागि राजनीतिक दल र राज्य संयन्त्र जवाफदेही बन्नैपर्छ, दलले आफ्नो चरित्र र आचरणलाई सुधार्नु जरुरी छ", अध्यक्ष गौतमले भन्नुभयो, "लोकतान्त्रिक व्यवस्थाको विकल्प फेरि पनि लोकतन्त्र नै हो, अरू कुनै व्यवस्थाको यहाँ गुञ्जायस छैन ।" गणेशमान सिँह फाउण्डेशनका अध्यक्ष दुर्गाप्रसाद तिमिल्सिनाले राजनीतिक दलमा विकृति मौलाउँदै गएकाले लोकतान्त्रिक व्यवस्थामाथि नै प्रश्न उठेको बताउनुभयो । राष्ट्रिय जनमोर्चा, गण्डकीका अध्यक्ष शङ्कर बरालले लोकतन्त्र ल्याउन सङ्घर्ष गरेका राजनीतिक दलले लोकतान्त्रिक आचारण भने देखाउन नसकेको टिप्पणी गर्नुभयो । नेकपा (एकीकृत समाजवादी), गण्डकीका अध्यक्ष कृष्ण नेपालीले राजनीतिक दल र राज्य सञ्चालमा लोकतान्त्रिक चरित्र चाहिने बताउनुभयो ।

नेकपा (माओवादी केन्द्र), कास्कीका संयोजक विश्वप्रकाश लामिछानेले जनयुद्ध र जनआन्दोलनको जगमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको बताउनुभयो । नेकपा (एमाले), गण्डकीका अध्यक्ष नवराज शर्माले राजनीतिक दलले सुध्रने आँट गर्नुपर्ने बताउनुभयो । उहाँले नागरिकलाई संविधानप्रदत्त अधिकारको प्रत्याभूति दिनु राज्यको दायित्व भएको बताउनुभयो । गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले जनताको विश्वासमा लोकतन्त्र टिक्ने भएकाले शासन सञ्चालन पारदर्शी र जवाफदेही हुनुपर्नेमा जोड दिनुभयो । लोकतन्त्र दिवसका अवसरमा आजै प्रभातफेरिसमेत गरिएको थियो ।

## क्रियाशील सदस्यबाट सभापति निर्वाचित गर्ने प्रक्रियामा कांग्रेसलाई लैजानुपर्छ : महामन्त्री थापा

**रासस**
काठमाडौं, ११ बैशाख

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टीका क्रियाशील सदस्यले पार्टी सभापति निर्वाचित गर्ने प्रक्रियामा पार्टीलाई लैजानुपर्ने बताउनुभएको छ ।

लोकतन्त्र दिवसका अवसरमा लोकतन्त्र संवाद केन्द्रले बिहीबार यहाँ आयोजना गरेको 'आजको लोकतन्त्र अवसर र चुनौती' विषयक संवाद कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले पार्टीलाई रुपान्तरण गर्न अब सदस्यबीच यस्तो बहस आवश्यक रहेको बताउनुभयो ।

पार्टीका नेतामा गुटप्रतिको बफादारिता बढेका कारण यस्तो व्यवस्थाले पार्टीप्रति बफादार हुने महामन्त्री थापाको भनाइ थियो । गुटका कारण नेतृत्वको ध्यान राष्ट्रिय समस्या समाधानतर्फ जान नसकेकाले पार्टी सभापति क्रियाशील सदस्यले छान्ने व्यवस्थामा पार्टी जानुपर्नेमा उहाँले जोड दिनुभएको हो । विगतमा राजा नै राजावादी नभएका कारणले नेपालबाट राजतन्त्रको अन्त्य भएको उल्लेख गर्दै उहाँले अब नेपालमा राजतन्त्र फर्कने सम्भावना नरहेको बताउनुभयो । मुलुकको शीर्ष नेतृत्व वैधानिक भए पनि वैध नभएकाले नागरिकमा असन्तुष्टि बढेको उल्लेख गर्नुहुँदै वैध नेतृत्व ल्याउन सबैको सहयोग हुनुपर्ने उहाँको विचार थियो ।

शिक्षकका समस्या समाधान गर्न सरकार उदार भएर गर्न सक्ने माग पूरा गर्नुपर्नेमा महामन्त्री थापाको जोड थियो । कांग्रेसको नेतृत्मा मुलुकमा राजनीतिक परिवर्तन भई संविधान जारी भएको उल्लेख गर्नुहुँदै उहाँले देखिएका समस्या समाधानमा समाजले कांग्रेसकै भूमिका खोजिरहेको बताउनुभयो । कांग्रेस सहममहामन्त्री जीवन परियारले पार्टीभित्र नीति, सिद्धान्तका बारेमा बहस चलाउनुपर्नेमा जोड दिनुभयो ।

लामो बहस र छलफलबाट बन्ने नीति, नियम एवं कानुन नै व्यावहारिक हुने भएकाले यसमा सबैको ध्यान जानुपर्ने उहाँको भनाइ थियो । पार्टीका सहमहामन्त्री उमाकान्त चौधरीले मधेसमा कांग्रेस किन कमजोर भयो भन्ने कुराको खोजी गरिनुपर्ने बताउनुभयो । वर्तमान सरकार सुशासन र संविधान संशोधनकै लागि गठन भएकाले यसमा ठोस काम हुने बताउनुभयो । सहमहामन्त्री महालक्ष्मी डीना उपाध्यायले नागरिकका विचारसँग कांग्रेसका विचार मेल खायो कि खाएन भनी विश्लेषण गर्ने समय आएको बताउनुभयो । लोकतन्त्र दिवसका अवसरमा पार्टीले यसको सही मूल्याङ्कन गरिनुपर्नेमा उहाँको जोड थियो ।

राजनीतिक विश्लेषक हरि शर्माले कांग्रेस बलियो बनाउन यसका हरेक सदस्यले आफू क्रियाशील रहेको तहका नेतृत्वलाई प्रश्न गर्नुपर्ने बताउनुभयो । सबैको कुरा सुनेर आफू निर्णय गर्न सक्ने नेतृत्वको आवश्यकता कांग्रेसमा रहेको उहाँको भनाइ थियो । कार्यक्रममा संवाद केन्द्रका अध्यक्ष नारायणप्रसाद भट्टराई, सदस्य जनकराज गिरी र डा लता घिमिरेलगायतले लोकतन्त्र स्थापना भएको १९ वर्ष पुगिसक्दा पनि नागरिकले गरेका आशा पूरा नभएकाले नेतृत्व सच्चिनुपर्नेमा जोड दिनुभएको थियो ।

## माओवादी अध्यक्षद्वारा गोरखाका स्थानीय जनप्रतिनिधिसँग सामूहिक छलफल

**पोखरापत्र संवाददाता**
गोरखा, ११ बैशाख

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बिहीबार गोरखा जिल्लाको बारपाकमा माओवादी केन्द्रबाट निर्वाचित स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरूसँग सामूहिक छलफल गर्नुभएको छ ।

उहाँले जनप्रतिनिधिसँगको संवादमा माओवादी नेतृत्वमा रहेका पालिकाका जनताले प्रत्यक्ष अनुभूति गर्न सक्ने



खालका परिवर्तन ल्याउनुपर्नेमा जोड दिनुभयो । साथै उहाँले जनप्रतिनिधिहरू उत्तरदायी र जनउत्तरदायी सेवा प्रवाहमा केन्द्रित हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । छलफलमा सहभागी जनप्रतिनिधिले आफ्नो पालिकाका अनुभव, समस्या र चुनौतीबारे धारणा राख्दै पार्टी केन्द्रबाट सहयोगको अपेक्षा व्यक्त गरेका थिए ।

उनीहरूले भौतिक पूर्वाधारको अभाव, सेवाप्रवाहमा देखिएको कठिनाइ तथा बजेटको सीमितताजस्ता विषयमा ध्यानाकर्षण गराएका थिए । अध्यक्ष प्रचण्डले उठाइएका समस्यालाई सम्बोधन गर्न पार्टी र नेतृत्वको तर्फबाट आवश्यक पहल गरिने विश्वास दिलाउनुभयो ।

## मानवसेवा फाउण्डेशनको आयोजनामा पोखरामा बृहत् ट्याक्सी र्‍याली आयोजना हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख

मानवसेवा फाउण्डेशनको आयोजनामा यही बैशाख १२ गते शुक्रबार बिहान ७ बजे बृहत् ट्याक्सी र्‍याली आयोजना हुने भएको छ ।

बैशाख १७ देखि जेठ २६ गतेसम्म सञ्चालन हुने ऐतिहासिक श्री गण्डकी शतकुण्डीय गायत्री कोटीहोम विराट ज्ञान महायज्ञको प्रचार-प्रसार तथा धार्मिक र सामाजिक सद्भावको सन्देश फैलाउने उद्देश्यले यो र्‍याली आयोजना गरिएको हो।महायज्ञका संकल्पकर्ता विजय कृष्ण मूर्ति महाराजका अनुसार ट्याक्सी र्‍याली बिरौटास्थित कोटिहोम स्थलबाट सुरु भई ड्यामसाइड, लेकसाइड, हल्लनचोक, जिरोकिलोमिटर, मालेपाटन, बाग्लुङ बसपार्क, हरिचोक, बगर, पृथ्वीनारायण क्याम्पस गेट, नदीपुर, महेन्द्रपुल, रानीपौवा, सितला देवी, कुँडुहर, मियापाटन, अमरशिंहचोक, रामबजार, बुद्धचोक, पृथ्वीचोक, नागढुङ्गा, मुस्ताङचोक

## थुमाको डाडा खानेपानी आयोजनाको जिल्ला समन्वय समितिमा समन्वय बैठक

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख

कास्कीको मादी गाउँपालिका वडा न ३ र ४ का ३७२ घरधुरी बासिन्दालाई लक्षित गरि निर्माण हुदै गरेको थुमाको डाडा खाने पानी आयोजनाको निर्माण प्रगतिको सम्बन्धमा जिल्ला समन्वय समिति कास्कीले बिहिबार एक समन्वय बैठक आयोजना गरेको छ ।

आयोजनाका सम्बन्धमा देखिएका ढिला सुस्ती र समयमा सम्पन्न गर्न देखिएका बिबाद समाधान गर्न सो समन्वय बैठक आयोजना गरिएको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले बताउनुभयो । ४ करोड ६१ लाख १० हजार



८ सय २८ रुपैयाँमा सम्झौता भएको सो खानेपानी आयोजनाको ६६ प्रतिशत बित्तिय र ७५ प्रतिशत भौतिक प्रगती देखीएको भन्दै पौडेलले जति सक्दो आयोजना निर्धारित समयमा सम्पन्न गर्ने कार्ययोजना बनाउनुको विकल्प नभएको उल्लेख गर्नुभयो । पौडेलले कतिपय बिकास आयोजना स्थानीय राजनितिक कारणले अबरुद्ध हुने गरेका केही उदाहरण भएको सन्दर्भ उल्लेख गर्दै बिकास प्रभावित हुने कुनै पनि किसिमका कानुन बिपरितका काम सह्य नहुने तत्काल समस्या समाधानको उपाय खोज्न सम्बन्धित सरकारी कार्यालय स्थानिय जनप्रतिनिधि र उपभोक्ता समिति सहित स्थानिय बासिन्दालाई आग्रह गर्नुभयो । जिल्ला समन्वय समिति कास्कीका सदस्य राजु अधिकारीले निर्माण कार्यको क्रममा ट्रान्समिसन पाइपलाइनको काम गर्ने क्रममा चालू आर्थिक बर्षमा मर्के भन्ने ठाँउमा स्थानिय बिच बिबाद हुँदा सम्पूर्ण निर्माण कार्य नै प्रभावित भएको भन्ने जानकारीमा आए लगत्तै समस्या समाधानका लागि सो बैठक आयोजना भएको उल्लेख्य गर्नुभयो । बैठकमा जिल्ला समन्वय समितिका सहित स्थानिय उपभोक्ता समिति ,निर्माण ब्यबसायी र स्थानीय जनप्रतिनिधिहरूको उपस्थिति रहेको थियो । नेपाल सरकारको विशेष कार्यक्रम अन्तर्गत आर्थिक बर्ष २०७६-०७७ को मिति २०७७ असार २१ गते कार्यदेश प्राप्त गरि मिति २०८२ असार ३० मा निर्माण सम्पन्न हुनुपर्ने सो आयोजना भिमेश्वर -संरक्षण - कृपा जे भि भरतपुर चितवनले निर्माण कार्य गरिरहेको छ ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# जनप्रिय बहुमुखी क्याम्पसमा डिजिटल क्षमता अभिवृद्धि कार्यशाला

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख




जनप्रिय बहुमुखी क्याम्पसको आयोजना तथा विश्वविद्यालय अनुदान आयोग (युजिसी) को सहयोगमा डिजिटल क्षमता अभिवृद्धि विषयक दुई दिने कार्यशाला सम्पन्न भएको छ।

कार्यशाला समापन समारोहमा क्याम्पस सञ्चालक समितिका अध्यक्ष तथा प्रमुख अतिथि वीरेन्द्रनारायण विजुक्छेले क्याम्पसमा कार्यरत प्राध्यापकहरू प्रविधिमा दक्ष हुँदा विद्यार्थी वर्ग लाभान्वित हुने र शैक्षिक गुणस्तर अभिवृद्धिमा टेवा पुग्ने बताए।

क्याम्पस प्रमुख कृष्णबाबु बरालले डिजिटल युगमा प्रविधिमैत्री शिक्षण अनिवार्य बन्दै गएको उल्लेख गर्दै, प्राप्त ज्ञानलाई व्यवहारमा उतार्न प्राध्यापकहरूलाई आग्रह गरे। बरालले कार्यशालाबाट प्राध्यापकहरूमा नयाँ ऊर्जा, आत्मविश्वास र दक्षता विकास हुने विश्वास व्यक्त गरे।

बिबिए, बिआइएम तथा आइटी युनिटका संयोजक यामकुमार बरालले कार्यशालालाई सीमित सैद्धान्तिक र अधिक व्यवहारिक हुने गरी प्रस्तुतीकरण गरिएको जानकारी दिए। बरालले क्याम्पसलाई पूर्णतय डिजिटल र प्रविधिमैत्री बनाउने हेतुले सञ्चालन गरिएको कार्यशालामा जनप्रियका ३१ जना प्राध्यापकको सक्रिय सहभागिता रहेको बताए। क्याम्पसमा कार्यरत प्राध्यापकहरूको डिजिटल साक्षरता, शिक्षण सिकाइमा प्रयोग हुने सिकाइ व्यवस्थापन प्रणाली (एलएमएस), एआइ टुल्स सञ्चालनमा दक्षता अभिवृद्धि गर्ने, शिक्षणमा प्रयोग हुने सूचना तथा सञ्चार प्रविधि सम्बन्धी जानकारी दिने उद्धेश्यले कार्यशालाको डिजाइन गरिएको थियो। कार्यशालामा सहभागी पूर्व क्याम्पस प्रमुख लोकराज भण्डारी, पूर्व निमित्त क्याम्पस प्रमुख रमेशबहादु खड्का र अर्थशास्त्र विभागकी प्रमुख शिलु चालिसेले तालिमले आफ्नो व्यावसायिक क्षमतामा महत्वपूर्ण योगदान पुर्‍याएको अनुभव आदानप्रदान गरे।

त्रिभुवन विश्वविद्यालयका आइसिटी एजुकेसन विभागका प्रमुख उपप्राध्यापक रोमकान्त पाण्डे र उक्त विभागका पूर्व प्रमुख उपप्राध्यायक डा. वेदप्रसाद ढकालले कार्यशालाको सहजीकरण गरेका थिए।



लाप्राक नमुना बस्तीः गोरखा जिल्लाको उत्तरी भेगमा पर्ने लाप्राक क्षेत्रको धार्चे गाउँपालिका-४ स्थित गुप्सीपाखामा अवस्थित लाप्राक नमुना बस्ती। विसं २०७२ वैशाख १२ गते गएको भूकम्पपछि गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) र नेपाल सरकारको सहयोगमा निर्माण गरिएको यो बस्तीमा जम्मा ६ सय ४ घरधुरी रहेको छ। तस्बिर : रत्न श्रेष्ठ/रासस

# मानसिक तथा मनोसामाजिक अपाङ्गताको क्षेत्रमा बजेट बिनियोजन गर्न माग

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख



आर्थिक बर्ष २०८२/८३ नजिकिँदै गर्दा प्रदेश सरकार पनि बजेट निमार्ण गर्न तर्फ लागि रहेको बेला मानसिक तथा मनोसामाजिक अपाङ्गताको क्षेत्रमा बजेट बिनियोजन मार्फत प्राथमिकतामा राखी सम्बोधन गर्न माग गरिएको छ।

बुधबार कोशिश कास्कीले गण्डकी प्रदेश सरकार अन्तर्गत रहेका सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय र स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशमा ज्ञापन पत्र बुझाउदै आगामी आर्थिक बर्ष २०८२/८३को लागि बजेट बिनियोजन मार्फत प्राथमिकतामा राखी सम्बोधन गर्न माग गरेको कोशिश कास्कीका अध्यक्ष अर्जुन सुनारले जानकारी दिए।

कोशिश कास्कीका अध्यक्ष सुनारको अगुवाइमा बुझाइएको ज्ञापनपत्र बुझ्दै दुबै मन्त्रालयले माग गरेको बिषयलाई प्राथमिकतामा राखि बजेट बिनियोजन गर्ने भन्दै सकरात्मक प्रतिक्रिया ब्यक्त गरेका थिए।

# आमा समुहका सदस्यलाई स्तन क्यान्सर सचेतना

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख




मुलुकमा भयावह अवस्थामा देखिएको प्राण घातक रोग क्यान्सर लाग्न नदिनका लागि खानपानमा ध्यान दिनु पने यहाँ आयोजित कार्यक्रममा वक्ताहरुले जोड दिएका छन्।

नारिशक्ति जागरण आमा समुह पोखरा १७ आँखा अस्पतालद्धारा आयोजित स्तन क्यान्सर सम्वन्धि सचेतना एवम् नयाँ बर्ष २०८२ को शुभकामना आदान प्रदान कार्यक्रममा वक्ताहरुले प्रत्येक छ महिनामा स्वास्थ्य परिक्षण गर्नुपर्नेमा जोड दिएका हुन। पोखरा महानगरपालिका वडा नं. १७ का वडाअध्यक्ष राधिका शाही योगीले कार्यक्रमको उद्घाटन गर्दै सचेत हुन सके मात्र क्यान्सर रोगबाट बच्न सकिने बताउनुभयो। रोग लागेर दुःख पाउनु भन्दा लाग्नै नदिनका लागि सचेत रहनु पर्नेमा जोड दिँदै उहाँले विशेष गरि खानपानमा ध्यान दिन सके क्यान्सर जस्तो प्राण घातक रोगबाट बच्न सकिने बताउनुभयो। कार्यक्रममा वरिष्ठ अस्पताल नर्सिङ निरीक्षक अधिकृत सविना श्रेष्ठले कार्यक्रमका सहभागिलाई स्तन क्यान्सर र यसका लक्ष्यण एवम वच्ने उपाएका बारेमा सहजिकरण गर्नुभएको थियो। आमा समुहका अध्यक्ष राधादेवी लम्सालको अध्यक्षतामा भएको कार्यत्रक्रममा सञ्चार कर्मी हरिप्रसाद बास्तोला, गैससका निवर्तमान केन्द्रीय अध्यक्ष रामप्रसाद सुवेदी, घारीपाटन वचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष तोयनाथ लम्साल, छहारी टोल विकास संस्थाका अध्यक्ष दिपक गोदार, समुहका सल्लाहकार लिला बहादुर जिसी, समुहका निवर्तमान अध्यक्ष प्यारी गुरुङ, चन्द्रमाया गुरुङ, पूर्णकला पोखरेल, सरास्वती नेपाल लगायतले क्यान्सर रोगका बारे समाज सचेत हुनु पर्नेमा जोड दिनु भएको थियो।

# ‘गणतन्त्रको विकल्प अन्य हुन व्यवस्था हुन सक्दैन’

**पोखरापत्र संवाददाता**
गोरखा, ११ बैशाख

सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई अझै सुदृढ गर्दै जानुपर्नेमा सरकोरवालाले जोड दिएका छन्।


१९औँ लोकतन्त्र दिवसको अवसरमा बिहीबार यहाँ आयोजित अन्तरक्रिया कार्यक्रमका सहभागीले लोकतान्त्रिक गणतन्त्र विश्वमा नै उत्कृष्ट शासन व्यवस्था भएकाले लोकतन्त्र विरुद्ध हुने सबै खालका गतिविधिलाई आआफ्नो ठाउँबाट निरुत्साहित गर्दै जानुपर्ने सुझाव दिए।

कार्यक्रममा जिल्ला समन्व्य समितिका प्रमुख मोहनबहादुर थापामगरले जनता आफैँले आफूलाई शासन गर्न पाउने अहिलेको व्यवस्थाको कुनै विकल्प नहुने बताउनुभयो। “अहिलेको व्यवस्थामा भएका कमिकमजोरीलाई सुधार गर्दै थपउन्नत बनाउँदै लैजाने हो, उहाँले भन्नुभयो, “तर अव पछाडि देशलाई फर्काउने कोसिस कतैबाट हुनुहुँदैन।”

गोरखा नगरपालिकाका प्रमुख कृष्णबहादुर रानामगरले एकात्मक राज्य व्यवस्था र केन्द्रीकृत अधिकारलाई तल्लोतहमा पुर्‍याएर जनतालाई अहिलेको व्यवस्थाले अधिकार प्रदान गरेको बताउनुभयो। नेपालमा गणतन्त्रआएपछि विकास, निर्माणमात्र नभएर शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा थुप्रै परिवर्तन भएको जनाउँदै उहाँले यी उपलब्धी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उपलब्धी भएको बताउनुभयो। अन्तरक्रिया कार्यक्रममा नेपाली कांग्रेस गोरखाका सचिव किशोरजङ्ग थापाले सङ्घीय लोकतान्त्रिक गणतन्त्र अरूले गरेको काम भएन र चित्त बुझेन भने म आफैँ गर्छु भन्ने पाउने व्यवस्था भएकाले यसको अर्को कुनै विकल्प हुनै नसक्ने बताउनभुयो। “लोकतान्त्रिक गणतन्त्रमा पनि केही कमिकमजोरी भए होलान्, तर त्यसको दोष व्यवस्था दिने कुरा सरासर गलत हो, उहाँले भन्नुभयो, “अहिलेको व्यवस्थाले मात्र जनतालाई सबै खालको अधिकार दिनसक्छ, विश्वमा बनेको नेपालको राजतन्त्र हुँदा हो, राजतन्त्रले देश बनाउने भए विश्व बनेका बेला नेपाल बनाउनसक्नु पर्थ्यो।” कार्यक्रममा नेकपा (माओवादी केन्द्र)का गण्डकी प्रदेश समितिका सदस्य ध्रुबप्रसाद भट्टले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ बनाउँदै लैजानका लागि गणतन्त्रपछिको अवधीमा भएका कमिकमजोरीलाई औँल्याएर सुधार गर्दै जानुपर्नेमा जोड दिनुभयो। “संविधानसभाबाट संविधान त बन्यो तर अझैपनि कतिपय कानुन राजतन्त्र बनेका, राणाकालमा बनेका कानुनले राज्य सञ्चालन भइरहेका छन्, उहाँले भन्नुभयो, “त्यसलाई तत्काल फेर्नुपर्छ अनि बल्ल गणतन्त्र बलियो हुन्छ।”

कार्यक्रममा नेकपा (एकिकृत समाजवादी) पार्टीका गोरखाका अध्यक्ष यादव वस्नेत, परिवार दल गोरखाका अध्यक्ष रविन्द्र थापालगायतले सङ्घीय लोकतान्त्रिक गणतन्त्र जनताको वलिदानबाट प्राप्त उपलब्धी भएको बताएका छन्। कार्यक्रममा साहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले गणतन्त्रको १५ वर्षमा भएका उपलब्धी बारेमा सहभागीलाई जानकारी गराउनुभएको थियो।

# च्याङ्ग्राको नश्ल सुधारम तथा अनुसन्धानस्थल बन्दै मुस्ताङको च्याङ्ग्रा फार्म



**रासस**
मुस्ताङ, ११ बैशाख

लोघेकर दामोदरकुण्ड गाउँपालिका-१ चराङमा स्थानीय उपभोक्ता समितिमार्फत च्याङ्ग्रा फार्म सञ्चालन भएको छ।

फार्म च्याङ्ग्राको नश्ल सुधारका साथै पशुविकासका कार्यक्रम सञ्चालन एवं अनुसन्धानको केन्द्रका रुपमा विकसित हुँदै गएको छ।

च्याङ्ग्राको नश्ल सुधार, पाठापाठी उत्पादन तथा पश्मिना उत्पादन गर्न सञ्चालित फार्ममा पाठापाठीसहित ६०० च्याङ्ग्रा छन्। कृषि तथा पशुपक्षी विकास मन्त्रालयले हिमाली आयोजनाअन्तर्गत एसियाली विकास बैंक (एडिबी)को आर्थिक सहयोगमा च्याङ्ग्राको पश्मिना उत्पादन, नश्ल सुधारका निम्ति स्रोत केन्द्र स्थापना भएको हो। हिमाली आयोजनाले स्रोत केन्द्र स्थापना गरेको केही समयपछि अलपत्र परेको केन्द्र स्थानीय उपभोक्ताले सम्हालेका हुन्। राष्ट्रिय पशुपक्षी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन केन्द्रले एक जना फार्म व्यवस्थापकसहित पाँच जना गोठाला, एक जना पशु प्राविधिकको व्यवस्था गरेको छ। केन्द्रका जनशक्ति व्यवस्थापन तलबभत्ता उपलब्ध गराउनेदेखि च्याङ्ग्रालाई चाहिने दाना, घाँस औषधिउपचारलगायत उपकरणको व्यवस्था सरकारले गरेको छ।

आठ रोपनी क्षेत्रफलमा फैलिएको केन्द्रका लागि कार्यालय स्थापना तथा फार्म निर्माण गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण गरेको पशु प्राविधिक धीरज बरुवालले राससलाई बताउनुभयो।

केही स्थानीय र केही तिब्बती च्याङ्ग्रा ल्याएर च्याङ्ग्रापालनको नश्ल सुधार गरी पश्मिना उत्पादन तथा प्रवर्द्धनमा जोड दिने गरी स्थापना भएको फार्ममा पाठापाठी हुर्किरहेका छन्। केन्द्रमा बर्सेनि १५० भन्दा बढी च्याङ्ग्राको पाठापाठी उत्पादन हुने गरेका छन्।

# मानवसेवा ...

हुँदै पुनः बिरौटा कोटिहोम स्थलमा पुगेर सम्पन्न हुनेछ।“यो ट्र्याक्सी र्‍यालीले महायज्ञको सन्देशलाई पोखरावासीमाझ पुर्‍याउनुका साथै सामाजिक एकता र धार्मिक जागरणमा योगदान पुर्‍याउने विश्वास लिएका छौं,” मूर्ति महाराजले भन्नुभयो। उहाँले सम्पूर्ण पोखरेलीलाई र्‍यालीमा सहभागी भई महायज्ञलाई सफल बनाउन अनुरोध गर्नुभएको छ।

यसअघि बैशाख ११ गते बिहीबार पोखरामा बृहत् साइकल र्‍याली सम्पन्न भएको थियो, जसमा सयौं स्थानीयले सहभागिता जनाएका थिए। महायज्ञको तयारीलाई तीव्रता दिँदै फाउण्डेशनले बैशाख १३ गते मोटरसाइकल र्‍याली, बैशाख १४ गते फेवातालमा डुङ्गा र्‍याली र बैशाख १६ गते बृहत् कशलयात्रा आयोजना गर्ने कार्यक्रम तय गरेको छामानवसेवा फाउण्डेशनले महायज्ञलाई भव्य र सभ्य रूपमा सम्पन्न गर्न व्यापक तयारी गरिरहेको छ। ट्र्याक्सी र्‍यालीमा सहभागी भएर पोखरेलीले सामाजिक र धार्मिक सद्भावको सन्देश फैलाउन योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

“आयुर्वेदोऽमृतानाम:”
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. विनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# बिर्सन नसकिने दिन

गोरखाको वारपार केन्द्र विन्दु भएर विनाशकारी भूकम्प गएको दस वर्ष पुरा भएको छ । २०७२ साल बैशाख १२ गते गोर्खाको बारपाक केन्द्रविन्दु बनाएर ७.८ रेक्टर स्केलको भूकम्प गएको थियो । भुकम्पबट गोरखा सहित १४ जिल्ला अतिप्रभाबित बने भने ३१ जिल्लामा क्षति भयो । बिहान ११.५६ मिनेट जादाँ गएको भूकम्प र त्यस पछिको पराकम्पनबाट आठ हजार नौ सय ७९ जनाले ज्यान गुमाए । २२ हजार तीन सय ९ जना घाइते भएको तथ्यांक छ । ५ लाख घर पूर्ण ध्वस्त भएका थिए भने करिब ९ लाख भवन क्षति भएका थिए । भूकम्पबाट ९ सय सम्पदा पूर्ण र आंशिक क्षति भएका थिए । ९ हजार सरकारी भवनहरु क्षतिग्रस्त भएका थिए ।

भूकम्प पछि पुननिर्माणका लागि नेपालमा अन्तर्राष्ट्रिय दाता सम्मेलन भयो । दाता सम्मेलनमा चार खर्बको प्रतिवद्धता आएको थियो । भूकम्प गएको ८ महिनापछि मात्र संसदबाट पुननिर्माण प्राधिकरण ऐन बन्यो । दलहरुका कारण प्राधिकारणको सिइओ नियुक्तीमै ढिला भयो । प्राधिकरणमा सरकार फेरिए संगै सिइओ फेरिए । राजनीतिक दाउपेचमा प्राधिकरण पर्दा अपेक्षित काम हुन सकेन । धेरै संमय पछि मात्र पुननिर्माणको कामले गति लियो । निजि आवास निर्माणको काम अधिकांश पूरा भैसकेको छ । सात लाख बैसठीहार तीन सयले अनुदान सम्झौता गरेको ति मध्ये धेरै पुननिर्माण भैसकेको प्राधिकारणको आकडा छ । ७ हतार ५ साय विद्यालय मध्ये अधिकांश भवन पुर्ननिर्माण भैसकेका छन् । स्वास्थ्य संस्थाका अधिकांश भवन निर्माण भएका छन् । अरुको उद्धार गर्ने सुरक्षा निकाय भने केही अझै बाँकी छन् । पुनःनिर्माणको काम ९८ प्रतिशत सकिए पनि सांस्कृतिक सम्पदा, मन्दिर पुनःनिर्माण पुरै हुन सकेका छैनन् । सबैभन्दा कामजोर अवस्था सम्पदा पुर्ननिर्माणमा देखिएको छ । सम्पदा क्षेत्रको निर्माण कार्य कछुवाको गतिमा चलेको छ ।

वि.स. १९९० माघ २ गते गएको भूकम्पमा परी ८ हजार ५ सय १९ जनाको मृत्यु भएको अनुमान गरिएको छ । नेपाल भूकम्पीय जोखिममा रहेको हुदाँ भूकम्प प्रतिरोधी संरचना निमार्ण गर्न सकिए मात्र क्षति न्यूनिकरण गर्न सकिन्छ । भूकम्प पीडितले चर्को गर्मी, वर्षा र जाडोमा मुटु काम्ने जाडो सहनु पऱ्यो । सरकारले समयमै भूकम्प पीडितको पिडालाई आत्मसाथ गर्न नसक्दा भूकम्पले पुऱ्याएको क्षति पछि जुन रफ्तारमा काम गर्नुपर्ने हो त्यो अनुसार हुन सकेन।हामी भुकम्प जोखिम क्षेत्रमा छौ भन्ने सम्झेर निर्माण गर्नुपर्दछ ।

जाजरकोटम , रुकुम र सल्यानमा गएको भुकम्पबाट पाठ नसिकेको र पुनःनिर्माण का काम कछुवा गतिमा भएको छ । हामीले विर्से पनि भुकम्पले बिर्साउदैन भन्ने सबैमा चेतना आउनु आवश्यक छ । अहिले नेपाल भूकम्पको जोखिममा छैन, सबै ठिकठाक छ जस्तो गरि घर, भवन र अन्य संरचना निर्माण गरिएका छन । भूकम्प सचेतना सम्बन्धि कार्यक्रम हुन छाडेका छन।कसरी उद्दार गर्ने, कसरी राहत बाँड्ने र जनशक्ति तयार गर्ने सबै आवश्यक छैन जस्तो ठानिएको छ । दस वर्षअघिको त्यो विनाशकारी दिन सम्झेर सचेत हुने र हरदम हामी भुकम्पीय जोखिममा छौं भन्ने विर्सनु हुँदैन । हामी दस वर्ष अघिको त्यो दिनलाई सम्झेर कसरी भूकम्प प्रतिरोधात्मक भवन र संरचना निर्माण गर्ने र सुरक्षाका उपायबारे सचेतना चाहिन्छ । यी सबै कुरा २०७२ वैशाख १२ जस्तै फेरि पनि हुन सक्छ । जहिले पनि हुन सक्छ भनेर सचेतना अपनाउन आवश्यक छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बड्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कैन्दीबन्दीलाई सिलाइकटाइ तालिम

पोखरापत्र संवाददाता
मुस्ताङ, ११ बैशाख

जिल्ला कारागारका कैदीबन्दीलाई सिलाइकटाइ तालिम दिन सुरु गरिएको छ ।

पर्यटन तथा उद्योग कार्यालयको आयोजनामा पुरुष कैदीबन्दीहरूको सीप क्षमता विकास, आयआर्जन, व्यवसायिक तथा आत्मनिर्भर बनाउने उद्देश्यले आजदेखि एक महिनाको सिलाइकटाइ तालिम सञ्चालन गरिएको हो ।

पर्यटन तथा उद्योग कार्यालयको आार्थिक सहयोग तथा कारागार शाखाको व्यवस्थापनमा १० पुरुष कैदीबन्दीलाई तालिम दिइने कारागार शाखा मुस्ताङका निमित्त प्रमुख लालबाबु सहनीले जानकारी दिनुभयो । कारागारभित्र कुल १२ कैदीबन्दी रहेकामा दुई जना कैदीबन्दी वृद्ध भएका कारण तालिममा सहभागी हुन नसकेको निमित्त प्रमुख सहनीले बताउनुभयो । कैदीबन्दीलाई तालिम दिन एक प्रशिक्षकसहित सिलाईकटाइसम्बन्धी सामग्री कार्यालयले उपलब्ध गराएको पर्यटन तथा उद्योग कार्यालय प्रमुख प्रेम पौडेलले जानकारी दिनुभयो । जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि र घरपझोङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बेदहरी अधिकारीले संयुक्त रुपमा तालिमको आज उद्घाटन गर्नुभयो ।

# बुल्दीखोला पुल सम्झौताभन्दा चार महिना अगावै तयार

पोखरापत्र संवाददाता
तनहुँ, ११ बैशाख

जिल्लाको व्यास नगरपालिका-१ र २ जोड्ने कराङकाठ-बसपार्क जाने बुल्दीखोलामा निर्माण गरिएको मोटरेबल पुल सम्झौताअघि नै निर्माण भएको छ ।

आगामी भदौ २२ गतेभित्र निर्माणसम्पन्न गर्नेगरी निर्माण कम्पनीसँग भएको सम्झौताभन्दा चार महिना अगावै पुल तयार भएको ज्वालामुखी कन्स्ट्रक्सनका सुपरभाइजर नारायण पाण्डेले जानकारी दिनुभयो । पुल २५ मिटर लम्बाइ र आठ दशमलव ४० मिटर चौडाइको रहेको छ । पाण्डेले भन्नुभयो, "पुल निर्माण कार्य सकिएको छ, अब फिनिसिङ्को काम भइरहेकाले औपचारिक रूमा गाडी गुड्न मिलेको छैन । मोटरसाइकल भने गुड्न थालेका छन्, अबको एक हप्ताभित्रमा गाडी पनि आवतजावत गर्न मिल्छ । कम्पनीले उच्च प्राथमिकताका साथ काम गरेकाले यो सम्भव भएको हो ।" निर्माण कम्पनीले अब छिट्टै नगरपालिकालाई हस्तान्तरण गर्ने तयारीमा रहेको व्यास नगरपालिकाका योजना शाखा अधिकृत भेषराज तिवारीले बताउनुभयो । उहाँले भन्नुभयो, "ईमान्दार भएर काम गर्ने हो भने सम्झौता अवधिभन्दा अघि पनि काम गर्न सकिन्छ भन्ने गतिलो सन्देश प्रवाह भएको छ । यसबाट अन्य निर्माण व्यवसायीले पनि केही सिक्न आवश्यक छ ।"

समयअगावै गुणस्तरीय निर्माण कार्यसम्पन्न गर्ने निर्माण व्यवसायीलाई पुरस्कृत गर्नुपर्ने कानुनी व्यवस्था रहेको सोअनुसार पुल निर्माण कम्पनीलाई पुरस्कृत गरिने नगरपालिकाले जनाएको छ । पुल निर्माणका लागि व्यास नगरपालिकाको समपूरक योजनाअन्तर्गत रु छ करोड ११ लाख ३२४ बजेट विनियोजन गरिएको थियो । पुल बनेपछि आवागमन सहज हुनाका साथै खोला किनारका करिब एक सय घर संरक्षणमा सहयोग पुग्ने सामुदायिक टोल विकास संस्था कराङकाठ बसपार्कका अध्यक्ष सोमनाथ पौडेलले जानकारी दिनुभयो ।

नगरप्रमुख बैकुण्ठ न्यौपानेले पुल निर्माणपछि बसपार्कमा गाडी व्यवस्थापनका साथै सवारीसाधन र स्थानीयलाई आवतजावतमा सहज हुने विश्वास व्यक्त गर्नुभयो ।

# रेलेखोला जलविद्युत आयोजना निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, ११ बैशाख

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा छ मेगावाट क्षमताको रेलेखोला जलविद्युत आयोजना निर्माण भएको छ । आयोजनाको भौतिक संरचना निर्माण सकेर परीक्षण थालिएको हो ।

आयोजनाका जनसम्पर्क अधिकृत होमनाथ पाण्डेले निर्माण भएका भौतिक संरचनाको परीक्षण थालिएको र यही महिनाभित्र विद्युत उत्पादन सुरु गर्ने तयारी गरेको जानकारी दिनुभयो । "बाँधदेखि विद्युतगृहसम्म पानी ल्याउन जडान भएको पाइपलाइनमा पानी भरेर प्राविधिक टोलीबाट परिक्षण थालिएको छ," उहाँले भन्नुभयो "भौतिक संरचना निर्माण र उपकरण जडानको काम सकेर परिक्षणको काम अन्तिम चरणमा पुगेको छ ।" निर्माण कम्पनीले खोपारा लेकको फेदी कालोखोलामा बाँध, ५०/५० मिटर लामा दुईवटा पानी थिग्राउने पोखरी (डसेण्डर), रेलेखर्कमा विद्युतगृह निर्माण र बाँध देखि विद्युतगृह सम्म तीन हजार छ सय मिटर लामो पाइपलाइन जडान गरेको छ । रेलेखर्कको विद्युतगृह, स्विचयार्ड र दाना सवस्टेशन जोड्ने ३३ केभी क्षमताका पाँच किलोमिटर प्रशारण लाइन निर्माण भएको छ । सुरुङ र नहरको विकल्पमा पाइपलाइन जडान गरिएको हो ।

पाँच सय पाँच मिटर माथिबाट विद्युतगृहमा पानी खसालेर विद्युत उत्पादन गर्ने संरचना निर्माण र उपकरण जडान भएको छ । दुई वर्षमा सम्पन्न गर्ने लक्ष्य सहित वि.स. २०७९ मा निर्माण सुरु भएको आयोजनाको कालोखोलामा निर्माण भएको बाँध र इन्टेकमा २०८१ जेठ १५ गते आएको बाढीले क्षति पुऱ्याउँदा कार्यतालिका प्रभावित बनेका हो । अस्थायी बाँध बनाएर डिसेण्डरमा पानी खसालेर आयोजना सञ्चालन गर्न लागिएको जनसम्पर्क अधिकृत पाण्डेले बताउनुभयो ।

रु एक अर्ब २० करोड लागत अनुमान गरिएको आयोजनामा हिमालयन र राष्ट्रिय वाणिज्य बैंकले ऋण लगानी गरेका छन् । यस आयोजनाले नारच्याङको बेशीगाउँ देखि लेकगाउँहुदै बाँध र विद्युतगृह निर्माण स्थलसम्म १७ किलोमिटर पहुँचमार्ग बनाएको छ । आयोजनाको पहुँचमार्गबाट लेकगाउँका बासिन्दालाई पनि सुविधा पुगेको वडा सदस्य श्याम पुर्जाले बताउनुभयो ।

# 'एक घर एक धारा' कार्यक्रमअन्तर्गत गोरखामा साढे ३३ हजार धारा जडान

रासस
गोरखा, ११ बैशाख

गण्डकी प्रदेश सरकारले सुरु गरेको 'एक घर एक धारा' कार्यक्रमअन्तर्गत गोरखामा ३३ हजारभन्दा बढी घरमा खानेपानीका धारा जडान गरिएको छ ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय गोरखामार्फत चालु आर्थिक वर्षसम्म करिब ३३ हजार ७१५ धारा जडान गरिएका हुन् ।

कार्यालको तथ्याङ्कअनुसार आव २०८०/८१ सम्म जिल्लाभर ३३ हजार २१५ धारा जडान गरिएकामा चालु आवमा थप पाँच सयभन्दा बढी धारा जडान भएका हुन् । यो जिल्लाको कुल लाभग्राहीमध्य ९१ दशमलव पाँच प्रतिशत हो । कार्यालयका सब-इन्जिनियर दीपक खनालले यो कार्यक्रम लागू भएको पाँच वर्षमा उल्लेख्य प्रगति भएको बताउनुभयो । "हामी कार्यक्षेत्र गोरखा र लमजुङ हो । चालु आवमा दुवै जिल्लाका लागि नौ सय १५ वटा धारा जडान गर्ने कार्यक्रम छ, त्यसमध्ये करिब ३०० धारा लमजुङमा जडान भएका छन्भने बाँकी गोरखामा जडान भएका छन्", उहाँले भन्नुभयो ।

एक घर एक धारा कार्यक्रमका लागि कार्यालयमा चालु आवमा रु ३० करोड ३० लाख बजेट प्राप्त भएको खनालले जानकारी दिनुभयो । उक्त रकमबाट दुवै जिल्लामा कार्यक्रम सञ्चालन गरिएको हो । "हालसम्म जिल्लाको ९१ दशमलव पाँच प्रतिशत जनसङ्ख्यामा खानेपानीको पहुँच पुगेको छ । यो तथ्याङ्क अन्य जिल्लाहरूको तुलनामा धेरै राम्रो हो", उहाँले भन्नुभयो । लमजुङमा आधारभूत खानेपानी पहुँच ८५ दशमलव ८८ प्रतिशत रहेको छ भने त्यहाँ हालसम्म करिब १९ हजार ४२० वटा खानेपानी धारा जडान गरिएका छन् । कार्यालयले धारा नभएका ठाउँमा जडान गर्ने र धारा भएका ठाउँहरूमा मर्मतसम्भारको काम गरिरहेको छ तर पानीको स्रोत सुनिश्चितताको जिम्मा भने आफूहरूमा नरहेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय गोरखाका प्रमुख तुल्सी बस्नेतको भनाइ छ । "पानीको स्रोत सुनिश्चितता र मूल दर्ताको काम भने स्थानीय सरकारको हो । हाम्रो कार्यालयले आयोजना निर्माणको काम मात्र हेर्छ । सोहीअनुसार काम गरिरहेका छौँ", उहाँले भन्नुभयो ।

जिल्लामा आर्थिक वर्ष २०७५/७६ देखि एक घर एक धारा अभियान सुरु भएको थियो । अभियानअन्तर्गत पानीको धारा निर्माणको काम करिब सम्पन्न भए पनि मर्मतसम्भार र नयाँ आयोजनाका काम भने निरन्तर सञ्चालन हुने कार्यालयले जनाएको छ ।

# कोवाङ-जोमसोम सडक अन्तर्गत घरपझोङमा सडक स्तरोन्नति गर्न माग

पोखरापत्र संवाददाता
मुस्ताङ, ११ बैशाख

मुस्ताङ, ११ वैशाखः राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडक अन्तर्गत मुस्ताङको कोवाङ-जोमसोम सडक खण्डमा पर्ने घरपझोङ-४ जोमसोमस्थित भासिएको सडक स्तरोन्नति गर्न स्थानीयवासीले माग गरेका छन् । उनीहरूले आज दुई घण्टा सडक अवरोध समेत गरेका छन् ।

प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले तत्काल निर्माण कम्पनीलाई भाँसिएको स्थानमा सडक संरचनाको काम सुरु गर्न लगाउने आश्वासन दिनुभएपछि सडक आगमन खुल्ला गरिएको हो । योसँगै मुक्तिनाथ-कोरला आउजाउ गर्ने सडक गन्तव्यमा प्रस्थान गरेका छन् ।

यसअघि जोमसोममा निर्माणधिन मुख्य सडक भाँसिएको स्थानमा सडकको काम तत्काल सुरु गर्नुपर्ने माग राख्दै मुस्ताङको घरपझोङ-४ जोमसोमस्थित गणेश मन्दिर नजिकै स्थानीयले सडक अवरोध गरेका थिए । उनीहरूले गत वर्ष भाँसिएको करिव १०० मिटर सडक स्तरोन्नति नहुँदा कालिगण्डकी नदीको तटीय बस्ती जोखिममा परेको जनाउँदै मुक्तिनाथ-कोरला सडकमा केही समय आवत जावतमा अवरोध गरेका थिए । जोमसोमकी स्थानीय प्रमिला गुरुङ थकालीले भाँसिएको सडक मर्मत तथा स्तरोन्नतिका लागि आवश्यक पहल गरिदिन पटक-पटक स्थानीय प्रशासन र गाउँपालिका कार्यालयमा लिखित ध्यानआर्कषण गराउँदासमेत भाँसिएको सडक स्तरोन्नति गर्न पहल नभएको बताउनुभयो ।

मुस्ताङको घरपझोङ-४ जोमसोमका वडाध्यक्ष यमप्रसाद थकालीले जोमसोम सडक स्तरोन्नतिमा निर्माण कम्पनी, आयोजना र स्थानीय प्रशासनले गरेको अल्टिमेटम चैत्र २० गतेसम्म तोकिएको भएपनि निर्माण कम्पनीले उक्त स्थानमाा भासिएको सडक स्तरोन्नति नगरेको बताउँनुभयो । निर्माण कम्पनीले पटकपटक झुक्याउने काम गरेको र स्थानीय प्रशासनले पनि सडक मर्मत तथा स्तरोन्नतिकार्यलाई गम्भिर रूपमा नलिएकाले स्थानीयले सडक अवरुद्ध गरेको बताउँनुभयो ।

विसं २०७३/०७४ सालमा ठेक्का सम्झौता भएको कोवाङ-जोमसोम १७ किमी सडकमा निर्माण कम्पनीले ढिलासुस्ती गर्न सम्पन्न हुनसकेको छैन । मार्फा-जोमसोम सडक कालोपत्रे र जोमसोममा भासिएको सडक अविलम्व सुरु गरेर बर्खायामको खोलाको सतह नबढ्दै निर्माण गर्नुपर्नेमा स्थानीयले माग गरेका छन् ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्मः
वि.स. २०२५/११/१०गते

स्वर्गारोहणः
वि.स. २०८१/१२/३१गते

**स्व. सिता सुबेदी**

श्री जनकल्याण समिति पोखरा–१३, शिद्धकोस्थानमा लामो समय अहम भूमिका खेल्दै आउनु भएका पूर्व कार्यसमिति सदस्य आदरणीय काशिराम सुबेदीको माया, ममता र स्नेहले भरिएकी धर्मपत्नी **सिता सुबेदी**को ५६ वर्षको उमेरमा भएको असामयिक निधनले अत्यन्तै मर्माहत र स्तब्ध भएकाछौं । यो अप्रत्याशित दुखद् घडीमा दिवंगत आत्माको चिरशान्ति र बैकुण्ठवासको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । पत्नी वियोगमा रहनुभएका हाम्रा आजिवन सदस्य काशीराम सुवेदी, भतिजाद्धय दिपक र रामकृष्ण भतिजी दिपा सुवेदी समेतका शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गर्नेछन् भन्ने कामना गर्दै शोकाकुल परिवारजनमा १३ औं दिनको पुण्य तिथिमा भावपूर्ण समवेदना व्यक्त गर्दछौं ।

गोविन्द प्र. आचार्य
महासचिव

एवम्

देवराज बराल
अध्यक्ष

**श्री जनकल्याण समिति परिवार**
**पोखरा महानगरपालिका-१३, शिद्धकोस्थान**

# 'लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो'

पोखरापत्र संवाददाता
तनहुँ, ११ बैशाख

लोकतन्त्र दिवसको अवसरमा गैरसरकारी संस्था महासङ्घले बिहीबार दमौलीमा गरेको कार्यक्रमका वक्ताहरूले लोकतन्त्रको विकल्प लोकतन्त्र नै भएकामा जोड दिएका छन् ।

त्यस अवसरमा व्यास नगरपालिका नगरसभा सदस्य सुरेश वाग्लेले लोकतन्त्र नै सर्वोत्कृष्ट शासन व्यवस्था भएको बताउँदै अन्य विकल्पको खाजी हुनुहुँदैन भन्नुभयो । लायन्स क्लब अफ तनहुँका पूर्वअध्यक्ष कृष्णहरि गैरेले नागरिकको हकअधिकार स्थापित गर्न लोकतन्त्र सुन्दर पक्ष भएकाले यसको सुदृढीकरण अपरिहार्य भएको विचार व्यक्त गर्नुभयो ।

शिक्षक सङ्घका पूर्वअध्यक्ष कमलभक्त पोखरेलले समाजमा लोकतन्त्र रक्षाको लागि नेताहरू जिम्मेवार हुनुपर्नेमा जोड दिनुभयो । बाल अधिकारकर्मी सुशीला शर्मा, अधिकारकर्मी सरिता थापा भण्डारी र गैरसरकारी संस्था महासङ्घकी अध्यक्ष सरलादेवी श्रेष्ठलगायत वक्ताले लोकतन्त्रको रक्षाका लागि तीनवटै तहका सरकारले प्रभावकारी काम गर्न आवश्यक रहेको बताउनुभयो ।

तत्कालीन राजा ज्ञानेन्द्रले ' जनताको नासो जनतालाई नै फिर्ता' गरेको २०६३ वैशाख ११ गतेको स्मरणमा २०६४ सालदेखि हरेक वर्ष लोकतन्त्र दिवस मनाउन प्रारम्भ भएको हो ।

# व्यवसाय अनलाइनसेवा डटकम

पोखरापत्र संवाददाता
पोखरा, ११ बैशाख

व्यवसाय, सेवा र सूचना प्रवाहलाई एकटै माध्यमबाट एकीकृत गर्दै नेपालको पहिलो बहुसेवा सर्च इन्जिन अनलाइन सेवा डटकमले आफ्नो सेवा सुरु गरेको छ ।

पोखरामा शुक्रबार पत्रकार सम्मेलन गर्दै अनलाइनसेवा डटकम कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) राम अधिकारीले यसले नेपाललाई डिजिटल युगतर्फ लैजान महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । पोखरामा स्थायी घर भई हाल अमेरिका बसोवास गर्दै आउनुभएका अधिकारीले नेपाली सेवा र उत्पादनलाई अनलाइनको माध्यमबाट स्वदेश एवम् विश्व बजारमा पुऱ्याउनका लागि यो अभियानमा आकर्षित बनिएको बताउनुभयो ।

नेपाल सानो तर डिजिटल सम्भावनाले भरि पूर्ण देश रहेको भन्दै उहाँले अनलाइनसेवा डटकम त्यही सम्भावनालाई वास्तविकतामा बदल्ने एउटा ढोका भएको उल्लेख गर्नुभयो । "सबै सेवा एउटै ठाउँमा – अनलाइनसेवा डटकमको कदम"भन्ने आदर्श बाक्यका साथ सञ्चालित अनलाइनसेवा डटकम केवल वेबसाइट नभई व्यवसाय, पेशा, सूचना, र सेवाहरूलाई एउटै डिजिटल छातामुनि ल्याउने प्रयास भएको उहाँले जानकारी दिनुभयो ।

"यसमा व्यवसायिक सूचीकरण, पेशागत प्रोफाइल, जागिर सूचना, अफरहरू, कार्यक्रम जानकारी, युट्युब तथा वेबसाइट लिंक, हराएको/फेला परेको सामग्री, र सरकारी/गैरसरकारी सेवाको विवरण एकै ठाउँमा सहज रूपमा उपलब्ध छन् ।", उहाँले भन्नुभयो । पोखरा र काठमाडौंबाट सेवा विस्तार सुरु गरिएको यस प्लेटफर्म अब छिट्टै देशभरका मुख्य शहरहरूमा फैलिने योजना रहेको र चाँडै नै यसको शाखा अमेरिकामा पनि खुल्ने तयारीमा रहेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार कम्पनीले विशेषतः डिजिटल मार्केटिङ, इवेन्ट प्रमोशन, टुरिज्म प्रोमोशन, र दक्ष जनशक्तिको प्रोफाइल व्यवस्थापन जस्ता सेवा प्रदान गर्नेछ । नेपालमा उत्पादित वस्तु तथा सेवाहरूलाई अनलाइनमार्फत अमेरिका लगायतका मुलुकमा पुऱ्याउने आँफूहरूको लक्ष्य रहेको र नेपाल र अमेरिका बीचको व्यापारिक सम्बन्धलाई डिजिटल माध्यमबाट सहज बनाउने प्रयास गरिने उहाँले बताउनुभयो ।

कम्पनीले नेपाली युट्युबर, कलाकार, उद्यमी, र डिजिटल सेवाप्रदायकहरूलाई एउटै मञ्चमा ल्याएर उनीहरूको कार्यलाई प्रवर्द्धन गर्ने योजना पनि अघि सारेको छ । आजको प्रतिस्पर्धात्मक डिजिटल संसारमा नेपाली युवाहरूका लागि आफनो सीप प्रदर्शन गर्ने उपयुक्त डिजिटल प्लेटफर्म अत्यावश्यक रहेको र अनलाइनसेवा डटकमले त्यो रिक्ततालाई भरिरहेको उहाँको भनाइ छ । सूचना प्रविधिको तीव्र विकाससँगै व्यवसायहरूका लागि डिजिटल उपस्थिति अब विलासी विकल्प नभै अनिवार्य आवश्यकता बनिसकेको भन्दै उहाँले यसै पृष्ठभूमिमा, अनलाइनसेवा डटकम व्यवसाय र सेवाप्रदायकहरूका लागि सस्तो, छिटो, र प्रभावकारी प्रचार गर्ने एक भरपर्दो माध्यमको रूपमा स्थापित भइरहेको जानकारी दिनुभयो ।

यसले व्यवसायको डिजिटल पहिचान निर्माण गर्नुका साथै, व्यवसायहरूलाई स्थानीयदेखि अन्तर्राष्ट्रिय ग्राहकहरूसम्म पुर्याउने लक्ष्य लिएको उल्लेख गर्दै साना उद्यमी या ठूला कम्पनीहरू, अनलाइनसेवा डटकम सबैका लागि उपयोगी बन्न सक्ने सम्भावना बोकेको धारणा राख्नुभयो । यसका माध्यमबाट व्यवसायहरूले प्रदान गरेका विभिन्न अफरहरूको एकीकृत सूची, कार्यक्रम र इभेन्टहरूको जानकारी, रोजगारीका अवसरहरू, हराएका वा फेला परेका वस्तुहरूको विवरण, सिपयुक्त व्यक्तिहरूको प्रोफाइल, आफ्ना भिडियो र वेबसाइट लिंक सार्वजनिक गर्ने सुविधा समेत पाइने कम्पनिले जनाएको छ ।

त्यस्तै नेपाली भाषामा विभिन्न कार्यक्रम, समाचार र संगीत सुन्न मिल्ने अनलाइन रेडियो सुविधा, अनलाइन फारम भर्ने, प्यान कार्ड दर्ता, ब्लुबुक नवीकरणजस्ता डिजिटल सेवाहरूको सरल र छिटो पहुँच आदि पाइने जनाइएको छ । कम्पनीले भविष्यमा ग्रामीण क्षेत्रसम्म सेवा विस्तार गर्ने, सीपयुक्त जनशक्तिको डाटाबेस निर्माण गर्ने, र कृत्रिम बुद्धिमत्ताको प्रयोगमार्फत सेवाको गुणस्तर बढाउने योजना अघि सारेको सिइओ अधिकारीले जानकारी दिनुभयो ।

ई-गभर्नेन्स, ई-मार्केट र ई-सेवातर्फ देश अघि बढिरहेको सन्दर्भमा अनलाइनसेवा डटकमले समग्र डिजिटल इकोसिस्टममा महत्वपूर्ण योगदान दिने विश्वास गरिएको उहाँले बताउनुभयो । डिजिटल बजारमा आफ्नो सेवा वा उत्पादनलाई चिनाउने, नयाँ ग्राहकहरूसम्म पुग्ने, र व्यवसाय विस्तार गर्ने चाहना राख्ने सबैका लागि अनलाइनसेवा डटकम एउटा उपयुक्त प्लेटफर्म बन्न सक्ने उहाँको भनाइ छ ।

सस्तो, छिटो र सरल अनलाइन प्रचार, स्थानीयदेखि अन्तर्राष्ट्रिय ग्राहकहरूसम्म पहुँच, दैनिक अपडेट र सजिलो सामग्री व्यवस्थापनका साथै व्यवसायको डिजिटल पहिचान सुदृढीकरणका लागि अनलाइन सेवा डटकममा आवद्ध हुन उहाँले आग्रह गर्नुभयो ।

नेपालको प्रत्येक व्यवसाय, सेवा र सीप अनलाइनमा होस् र संसारभरि फैलियोस् भन्ने आफ्नो सपना भएको र अनलाइनसेवा डटकमका माध्यमबाट यो सपना साकार पार्ने बाटोमा दृढ कदम चालिएको उहाँले बताउनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १२ चापापानी टोलमा पार्क तथा कृयापुत्री स्तरोन्नती निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः चापापानी टोलमा पार्क तथा कृयापुत्री स्तरोन्नती निर्माण

ठेगानाः पोखरा-१२
योजना सम्झौता मितिः २०८१/१०/२९ गते
योजना शुरु मितिः २०८१/१०/२९ गते
योजना सम्पन्न मितिः २०८२/१/४ गते
योजना सम्पन्न हुने मितिः २०८२/१/३१ गते
योजनाको कुल लागतः रु.३,५३,०००|-
महानगरपालिकाबाटः रु. ३,००,०००|-
जनसहभागिताबाटः रु.५३,०००|-
अध्यक्षः मिनकाजी कार्की सम्पर्क नं.: ९८४१२७७८३५
जम्मा सदस्य संख्याः ९ महिलाः ६ पुरुषः ३

**चापापानी टोलमा पार्क तथा कृयापुत्री स्तरोन्नती निर्माण उपभोक्ता समिति पोखरा-१२**


# तेह्र बुँदे घोषणापत्र जारी गर्दै हिमाली संवाद सम्पन्न

रासस
काठमाडौं, ११ बैशाख

सङ्घीय सरकारले आगामी जेठ २ देखि ४ गतेसम्म गर्ने सगरमाथा संवादको पूर्वतयारीका रूपमा आयोजना गरिएको हिमाली संवाद १३ बुँदे घोषणा पत्र जारी गर्दै सम्पन्न भएको छ ।

यही वैशाख ९ र १० गते जुम्लाको खलङ्गामा सम्पन्न हिमाली संवादमा कर्णालीका बालबालिका र सीमान्तकृत समूहहरूको आवाज प्रस्फूटन गराउने विषयमा विभिन्न सुझाव दिइएको हो । सगरमाथा संवादको सचिवालयसँगको समन्वयमा सेभ द चिल्ड्रेन, युथ एलाइन्स फर इन्भायरोन्मेन्ट (वाइएई), कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (क्रिडाक) लगायत विकास साझेदारसँगको सहयोग र सहकार्यमा संवाद सम्पन्न भएको सचिवालयले जनाएको छ । सीमान्तीकरणबाट प्रभावित बालबालिका, युवा र हिमाली समुदायका अनुभव आदानप्रदान, बाल-संवेदनशील जलवायु समाधानका लागि वकालतलगायत विषय उजागर गरिएको वाइएईका अध्यक्ष सनोत अधिकारीले जानकारी दिनुभयो । घोषणापत्र तीन तहका सरकार, सगरमाथा संवाद सचिवालय र विश्व समुदायलाई हस्तान्तरण गर्दै ध्यानाकर्षण गरिने उहाँले बताउनुभयो । संवादमा कर्णाली प्रदेशका हिमाली समुदायका बालबालिका, आदिवासी र सीमान्तकृत समुदाय, महिला र किशोरी, हिमाली क्षेत्रमा कार्यरत नागरिक समाज, विभिन्न सङ्गठन, विकास साझेदार, संयुक्त राष्ट्रसङ्घीय निकाय, सरकारीतर्फका प्रतिनिधि, स्थानीय सरकारका प्रतिनिधि र नीति निर्माता, प्रदेश र सङ्घीय सरकारका प्रतिनिधि गरी एक सय ५० जनाको सहभागिता थियो ।

घोषणापत्रमा हिमाली क्षेत्रका बालबालिका, युवा र समुदायमा जलवायु सङ्कटले पारेको असरलाई सम्बोधन गर्न सगरमाथा संवादमा यस विषयलाई प्राथमिकताका साथ छलफल गरी समाधानका उपायको खोजी गर्न माग गरिएको छ । त्यस्तै सगरमाथा संवादमा बालबालिकाहरूका आफ्ना भोगाइ, अनुभव र आवाज उठाउन विशेष सत्रको व्यवस्था गर्न आग्रहसहित सुझाव आएको वाइएईका कार्यक्रम संयोजक अञ्जु पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार जलवायुसम्बन्धी शिक्षा र सचेतनालाई सबै समुदायमा सञ्चालन गर्न, जलवायु सङ्कटको समाधानका लागि सिमान्तकृत र सामाजिक रूपमा पछाडि पारिएका समुदायका जीवन्त भोगाइलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम लागू गर्न घोषणापत्रमा आग्रह गरिएको छ । हिमाल बचाउन नेपालको प्रयास मात्र पर्याप्त नहुने भएकाले छिमेकी मुलुकदेखि समग्र विश्वसमुदायको सहकार्य र अन्तरराष्ट्रिय तहमा साझेदारी बढाउनका लागि पहल गर्न आग्रह गरिएको क्रिडाकका कार्यकारी निर्देशक गोविन्दबहादुर शाहीले जानकारी दिनुभयो ।

समुदायले भोगेका हानिनोक्सानीको क्षतिपूर्ति प्रदान गर्न सगरमाथा संवादमा यो मुद्दालाई प्राथमिकतामा राख्दै हानिनोक्सानी कोषमा समुदायको पहुँच सुनिश्चित गर्न आग्रह गरिएको उहाँले उल्लेख गर्नुभयो ।

हिमाली संवादले जलवायु परिवर्तनले तल्लो तटीय क्षेत्रमा गम्भीर असर परेकाले उक्त क्षेत्रका समुदाय र बासिन्दामा पर्न गएको नकारात्मक असर सम्बोधन गर्नुपर्ने, पर्वतीय र सामुद्रिक अर्थतन्त्रलाई जोड्नुपर्ने, कर्णालीलगायत हिमाली क्षेत्रमा हुने परम्परागत रैथाने बालीको संरक्षण गर्न प्राङ्गारिक मलको प्रयोग बढाउनुपर्ने, हिमाली क्षेत्रमा सञ्चालित जलवायु परिवर्तनको असरलाई सम्बोधन गर्न एकीकृत बस्ती विकास र अनुकूलनका असल अभ्यास प्रवर्द्धनका लागि सञ्चालित कार्यक्रमहरूलाई निरन्तरता दिन सुझाव दिइएको छ ।


## सदस्यलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सुचना

**प्रकाशित मिति २०८२/०१/१२ (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने सावा, व्याज एवम् हर्जना व्याज समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित जानकारी गराउदा समेत आफुले बुझाउनुपर्ने पुरा रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस संस्थालाई बुझाउनपर्ने सम्पूर्ण सावा ब्याज, हर्जना ब्याज, तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला वा बुझाउनु भएको भए प्रमाणित कागजात सहित संस्थामा उपस्थित हुनुहोला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको फोटो | ऋणीको नाम र ठगना | जमानि बस्नेको नाम र ठेगाना | धितोमा रहेको सम्पतिको विवरण |
|---|---|---|---|---|
| १. |  | नाम थर : सिमा कुमारी<br>ना.प्र.प.नं :२२२-बनौली ५ महोत्तरी<br>हाल : पोखरा-११ फुलबारी, कास्की<br>बाबुको नाम : तेजनारायण चौधरी<br>बाजेको नाम : देबकान्त झा | नाम : अम्बेश कुमार झा<br>ना.प्र.प.नं :१७३०३२ दुहवी ६, धनुषा<br>हाल : पोखरा ११ फुलबारी, कास्की<br>बाबुको नाम : रमाकान्त झा<br>बाजेको नाम : | सिमा कुमारी को नाममा मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पोखरा ११ कित्ता नं १७५ को ९५.४० को बर्ग मि. क्षेत्रफल र, आर्बा बिजय ४ मा रहेको कित्ता नं १३४३ क्षेत्रफल १-५-०-१ वर्गमिटर ६६९।६८ |
| २. |  | नाम थर : सन्त कुमारी बि.क<br>ना.प्र.प.नं : १२५९५६-कास्की<br>ठेगना : पोखरा लेखनाथ-१३ कास्की<br>पतिको नाम : हर्क बहादुर बि.क<br>ससुराको नाम : लाल बहादुर कामी | नाम : भोज बहादुर बि.क<br>ना.प्र.प.नं : ४६-०१-७४-०१०२०<br>ठेगाना :पोखरा लेखनाथ-१३ कास्की<br>बाबुको नाम : हर्क बहादुर कामी<br>बाजेको नाम : लाल बहादुर कामी | सन्त कुमारी बि.क. को मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला आर्वा बिजय १ को कित्ता नं ३७०२ को क्षेत्रफल ०-४-०-३ वर्गमिटर १३३.१३ को जग्गा |
| ३. |  | नाम थर : दिपा तामाङ्ग<br>ना.प्र.प.नं : ७४२२५ चितवन<br>ठेगाना : पोखरा -१३ ढल्केपुल कास्की<br>पतिको नाम : साङ बहादुर तामाङ्ग<br>ससुराको नाम : राम बहादुर तामाङ्ग | नाम : साङ बहादुर तामाङ्ग<br>ना.प्र.प.नं :३४७२, चितवन<br>ठेगाना : भरतपुर १०, चितवन<br>बाबुको नाम : राम बहादुर तामाङ्ग | दिपा तामाङ्गको नाममा मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको साबिक कास्की जिल्ला आर्वा बिजय-२ (हाल पो.म.न.पा १३) को कित्ता नं २९४९ क्षेत्रफल, ०-४-१-० बर्ग मि.१३५.११ र ३७३७ क्षेत्रफल ०-८-०-० वर्ग मि.२५४।३२ |
| ४. |  | नाम थर : राम बहादुर गुरुङ्ग<br>ना.प्र.प.नं : ११३६०३ कास्की<br>ठेगाना : नामजुङ्ग गा.बि.स.९, कास्की<br>बाबुको नाम : भिम बहादुर गुरुङ्ग<br>बाजेको नाम : धन बहादुर गुरुङ्ग | नाम थर : बसन्तराज बराल<br>ना.प्र.प.नं:४६-०१-७३-०३९१५<br>कास्की ठेगाना : पोखरा-२२ कास्की<br>बाबुको नाम : दुर्गादत्त बराल | राम बहादुर गुरुङ्गको मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्लाः नामजुङ्ग ९ हाल मादी २ को कित्ता नं १८१, १८२, १८३ को क्षेत्रफल क्रमश -४-९-३-०, १-११-०-३ , ३-६-२-१ को जग्गा |
| ५. |  | नाम : नारायण प्रसाद गुरुङ्ग<br>ना.प्र.प.नं : ३९३ कास्की<br>ठेगाना : काउरे कालिका -९ कास्की<br>बुबाको नाम : बिरबल गुरुङ्ग<br>बाजे नाम : माण्डबिर सिं गुरुङ्ग | नाम : होम बहादुर गुरुङ्ग<br>ना.प्र.प.नं : ७७९ कास्की<br>ठेगाना : कालिका-९ कास्की<br>बाबुको नाम : गंगा बहादुर गुरुङ्ग | नारायण प्रसाद गुरुङ्गको नाममा मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला आर्बा बिजय ९को कित्ता नं ४९४ को क्षेत्रफल क्रमश :१-१५-१-२ वर्गमिटर ९९७.५२ को जग्गा |

**कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा-१३ बाँझापाटन
फोन नं.: ०६१-५८३८११, ५२०६७३, ९८५६०६६८११